## [२०६३ सालको पुरस्कार जगदम्बा-श्रीद्वारा सम्मानित विद्वान् डा. तीर्थबहादुर श्रेष्ठको उद्‌गार]

**आदरणीय अध्यक्ष दादाजी, महेशविक्रम शाहज्यू, डा. टङ्क सुब्बाज्यू, उपस्थित नेपाली वाङ्मयप्रेमी महिला तथा सज्जनवृन्द !**

सर्वप्रथम यस वर्षको मदन पुरस्कारद्वारा विभूषित हुने सौभाग्य पाएको 'छापामारको छोरो' का स्रस्टा महेशविक्रम शाहज्यूमा बधाई तथा शुभकामना चढाउंछु ।

'बूढा मरे भाका सरे' भन्दछन्। भाषा मरे के हुन्छ? आमा मम्मी बन्ने र बुवा ड्याडी बन्नेमात्र त होइन होला। त्यसबाट हाम्रो आफ्नै ज्ञान, विज्ञान र प्रविधि अनि कला, साहित्य र संस्कृति पनि ह्रास हुन थाल्दछ। लगभग सय वा अझ बढी भाषाभाषीले समृद्ध हाम्रो देशमा कतिपय भाषा लोप पनि भए होलान्, जसले गर्दा त्यसमा निहित ज्ञान-विज्ञान पनि स्वत: लोप भएको हुनुपर्छ। पाताल पस्ने पाताल छांगोलाई डेभिडफल वा देवीफल वा जेसुकै फल भने तापनि त्यहां छांगोको आफ्नो प्रकृति र पोखराको भूगोलसम्बन्धी यथा-अर्थ लोप हुन्छ । मकालु पर्वतारोहण नाकामा पर्ने "खोङमा ला" अर्थात् हिमकुखुराको भन्ज्याङ आजभोलि "शिप्टन ला" बन्न पुगेको छ, हाम्रो पर्यटन नक्सामा। स्थान-विशेषको वातावरण र जीवविज्ञानको ज्ञान एक पर्वतारोहीको नाममा विलय हुन पुग्छ। शरीरको पूरा वजन थाम्ने नलीहाडको शक्ति भएको काठ "त्वानासीं" भन्ने नेवारी शब्द आजभोलि टुंडाल बनेर बार्दली र पालीको भार थाम्दै छन्। भोलिका मिस्त्रीले टुंडाल बनाउंदा कुन जातको काठ छान्नुपर्छ भन्ने प्राविधिक ज्ञान अब भाषाबाट प्राप्त हुंदैन। तसर्थ भाषा मरे ज्ञान मर्छ र त्यसभित्रको विज्ञान पनि लोप हुन्छ ।

आजको विश्वमा मानवविकास र सभ्यतालाई आधुनिक प्रविधिले नयां मोड, नयां उचाइ र नयां गतिमा डोऱ्याउंदै छ। भेडागोठालाका

हातमासम्म पनि रेडियो र मोबाइल फोन पुग्न थालेको समाचार पढ्न पाउँछौं। संसद्‌भवनमा सभामुखज्यू कम्प्युटर राखेर सभा सञ्चालन गर्दछन्। हामी टेलिभिजनमा देख्छौं। अन्तरिक्ष विज्ञान एवं इलेक्ट्रोनिक विज्ञानका यी देनहरू अलौकिक चमत्कार होइनन्, मानवीय आविष्कार हुन् भन्ने चेतना हामीलाई चाहिएको छ। त्यसका साथै हाम्रा गोठाला, किसान, मजदुर, उद्यमी, व्यापारी एवं अन्य व्यवसायीका प्रत्यक्ष सरोकारहरूलाई सम्बोधन गर्ने ज्ञान, विज्ञान र प्रविधिको विकासमा भने हामी आफैं जुट्नुपर्छ, जुध्नुपर्छ। मानवीय पूर्वाधार एवं भौतिक संरचनाको विकास त गर्नु नै छ तर चेतनशील समाजको निर्माणमा हामी पछि पर्नुहुन्न। हिजोसम्म झाडा-पखालाका बिरामीलाई पानी खान दिन हुन्न भन्ने अन्धविश्वासलाई नुन, चिनी र पानीको 'जीवनजल'ले पखालिसकेका छौं। बालीनालीमा लाग्ने रोगादिमा प्रयोग हुने विषादीलाई औषधि भनी सम्बोधन गर्ने र अरू औषधिसंगै दराजमा राख्ने चलन निकै घटिसकेको छ।

आजका किसानहरू एकीकृत बाली संरक्षण विधिको प्रयोगमा प्रवेश गर्दै छन्। बजारिया तरकारीमा विषादी हुन्छ भन्ने भयबाट मुक्ति पाउन ज्ञान र चेतनाको सञ्चार भने अझ तीव्र पार्नु परेको छ। आधुनिक प्रविधिको प्रवेशबाट राष्ट्रलाई उत्पादनशील बनाउन समाजलाई सजग बनाउने चुनौतीहरू हाम्रा सामु छन्। यसैगरी हाम्रा मौलिक परम्परागत ज्ञान-सीपलाई आधुनिक विज्ञानको पुठ दिएर अन्धविश्वासलाई उघार्दै नयाँ क्षितिजतिर लम्कने अवसरबाट वञ्चित हुनु पनि हुँदैन। हाम्रा हिमाली किसानहरू आफ्ना पशुपालनमा नश्लको फेरबदल गरेर दुधालु चौंरी र बलवान् झोप्कियो उत्पादन गर्दछन्। चौंरीका आफ्ना बाछाबाछी अल्प आयुमा नै मर्दछन्। त्यो मृत्यु अकाल नभई प्राकृतिक हुन्छ। गोठालाहरूले बाछाबाछी मार्दा रहेछन् भन्ने भ्रम र अन्धविश्वास फैलन पनि सक्छ। वर्णशङ्कर पशुका सन्तान यस्तै हुन्छन्। यसैगरी खसी नपारीकनै झोप्कियो नपुंसक हुन्छन्। नश्ल

सुधारको यो चौंरी प्रविधि हिमाली किसानका विशेष उपलब्धि हुन्। यस्तै गरी हाम्रा धामी, झांक्री, लामा, आम्ची, गुरुवा तथा वैद्य र कविराजहरूले सँगालेको ज्ञान र सीपबाट मानवकल्याणका निम्ति उपयोगी जडीबुटीहरू पत्ता लागेका छन्। नेपाली कन्दमूल र बालीनालीले जैविक विविधताको विश्व भण्डारलाई खँदिलो बनाउन सघाएको छ। प्रविधिको विश्व बजारबाट यथोचित लाभ उठाउन भने बाँकी नै छ। हाम्रा भाषा, साहित्य, कला र संस्कृतिमा यस्ता ज्ञान अनुबन्धित छन्। तिनलाई उजागर गरी संरक्षण, संवर्द्धन र विकास गर्ने अवसरलाई समयमा नै भजाउन सक्नुपरेको छ। यस कार्यमा नेपाली वाङ्मयको ठूलो भूमिका छ भन्ने मेरो मान्यता छ।

उपस्थित आदरणीय दिदी-बहिनी, दाजु-भाइ ! आज यहाँहरूको गरिमामय उपस्थितिमा नवरात्रिको पुनीत अवसर पारेर दुर्गाभवानी र माता सरस्वतीलाई समेत स्मरण गराउने "जगदम्बा-श्री" पुरस्कार शिरोपर गर्ने भाग्य मलाई जुरेको छ। यहाँहरूका शुभेच्छा र आशीर्वाद पनि शिरोपर गर्ने अवसर पाएं। धन्यधन्य छु, कृत्यकृत्य छु। मदन पुरस्कार गुठीले मलाई चयन गरेर नेपाली वाङ्मयको बृहत् वृत्तमा उभ्याइदिएको छ। मेरा लागि नयाँ क्षितिज खुलेको अनुभव हुँदै छ। त्यसका लागि गुठीका अध्यक्ष आदरणीय कमलमणि दीक्षितज्यू एवं अन्य गुठियार सबैलाई हार्दिक धन्यवाद टक्रयाउंदछु। यही अवसरमा रानी जगदम्बाको पनि स्मरण हुन्छ। वहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। अन्त्यमा वडादसैं २०६४ का लागि सबैमा शुभकामना व्यक्त गर्दछु। सबैको मङ्गल होस्।

धन्यवाद !